मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर,

मितिः-२०८१/०३/०३

# बकर इदको शुभकामना

इस्लाम समुदायको पर्व बकर ईद (अल अजहा) को अवसरमा कोशी प्रदेश लगाएत स्वदेश तथा विदेशमा रहनुभएका मुस्लिम धर्मावलम्बीहरुलाई सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको कामना गर्दछु ।

ईस्लाम पात्रो 'हिजारी सम्वत' अनुसार नयाँ वर्षको 'जुल हिज्जा' महिनाको १० औं दिन यो पर्व मनाइन्छ । बकर ईद इस्लाम समुदायको सबैभन्दा महत्वपूर्ण र विश्वभरका मुस्लिमहरुले मनाउने इस्लामिक चाड हो । बहुपहिचान, बुहुधार्मिक, सामाजिक, साँस्कृतिक, भाषिक र जातीय विविधताबीच सुदृढ एकता रहेको कोशी प्रदेशमा बकर ईदले हामीबीच आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप र भातृत्व प्रवद्धन गर्न सक्ने विश्वास लिएको छु।यो पर्वले कोशी प्रदेश मात्रै नभएर देशभर एवं बिदेशमा समेत मौलिक संस्कृति र परम्परा संरक्षणमा महत्वपूर्ण योगदान पुर्याउने छ।

विभिन्न धर्मावलम्बीहरूले मनाउने यस्ता चाडपर्वका माध्यमबाट विभिन्न जातजाति, समुदायको मौलिक संस्कृति र परम्पराको संरक्षण एवं संवर्द्धन हुने बिश्वास लिएको छु ।साथै जातीय, धार्मिक, साँस्कृतिक विविधताबीच आपसी सद्भाव, सहिष्णुता र मेलमिलाप अभिवृद्धि गर्न यो पर्वले सबैलाइ उत्पेरणा जगाउनेछ ।

भौगोलिक, जातीय र साँस्कृतिक विविधता नेपाली समाजको मौलिक पहिचान हो। हाम्रो विविधता भित्रको सुदृढ एकताले नै राष्ट्रिय भावनालाई अझ बलियो बनाउन योगदान पुग्दछ। संस्कृति, जातजाति, भेषभूषा र परम्पराको विविधता रहेको हाम्रो मुलुकमा यो पर्वले एकता र सहकार्यको वातावरणलाई अझ मजबुत बनाउन मद्दत गरोस् भन्ने कामना गर्दछु।

अन्तमा, कोशी प्रदेश लगाएत देश तथा बिदेशमा रहनुभएका सबै नेपालीहरुलाई बकर ईद (ईद उल अजहा) को हार्दिक शुभकामना।

२०८१ साल असार ३ गते

हिक्मतकुमार कार्की
मुख्यमन्त्री